# अनूसुची (१) (पत्रकारिता अध्ययनरत विद्यार्थीलाई छात्रवृत्ति सम्बन्धी निवेदन)

| पासपोर्ट साइजको फोटो | रु. १० को हुलाक टिकट |
|---|---|

श्रीमान् महानिर्देशकज्यू
सूचना तथा प्रसारण विभाग,
तिलगंगा, काठमाडौं ।

मिति :

**विषय : छात्रवृत्तिका सम्बन्धमा ।**

महोदय,

मिति ................................को ............................... मा प्रकाशित सूचना अनुसार स्नातक तहमा पत्रकारिता विषय अध्ययन गर्ने छात्र छात्राहरुमध्येका देहायका समूह सर्वोत्कृष्ट अंक ल्याउने खुला, महिला, दलित, आदिवासी/जनजाति, मधेसी, मुस्लिम, अपाङ्ग, पिछडिएको क्षेत्रमा प्रदान गरिने छात्रवृत्तिका लागि आफुलाई योग्य ठानी निम्नानुसार कागजात संलग्न गरी रु. १०/- को टिकट टाँस गरी यो दरखास्त पेश गरेको छु ।

१. आवेदन गरेको समूह ठीक (✓) लगाउनु होस् ।

१. खुला
२. महिला
३. दलित
४. आदिवासी जनजाति
५. मधेसी
६. मुस्लिम
७. अपाङ्ग
८. पिछडिएको क्षेत्र

२. बुवा तथा आमाको पेशा लेख्नुहोस्:
बुवाको पेशा:
आमाको पेशा:

**संलग्न कागजातहरु:**

- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
- पत्रकारिता विषय लिई प्रवीणता प्रमाणपत्र/१०+२ को उत्तीर्ण गरेको लब्धाङ्कपत्रको प्रतिलिपि ।
- सम्बन्धित क्याम्पस/कलेजमा स्नातक तहमा पत्रकारिता विषय अध्ययन गरिरहेको सिफारिस पत्र ।
- सम्बन्धित आयोग/प्रमुख जिल्ला अधिकारी, (दलित, आदिवासी जनजाति, मधेसी, मुस्लिम, अपाङ्ग, पिछडिएको क्षेत्र)को सिफारिस पत्र ।

निवेदकको सही :
नाम :
बुबाको नाम :
आमाको नाम :
ठेगाना :
सम्पर्क नं :
ईमेल ठेगाना :

विद्यार्थीले पेस गर्नुपर्ने कागजपत्रः विद्यार्थीले छात्रवृत्तिको लागि निवेदन पेस गर्दा अनुसूची (१) बमोजिमको ढाँचामा देहायबमोजिमको कागजपत्र पेस गर्नुपर्ने छ :

(क) नेपाली नागरिकताको प्रमाणपत्र,

(ख) पत्रकारिता विषय लिई प्रवीणता पत्रमाणपत्र तह वा १०+२ को उत्तीर्ण गरेको लब्धाङ्कपत्रको प्रतिलिपि,

(ग) सम्बन्धित क्याम्पसले स्नातक तहमा पत्रकारिता विषय अध्ययनरत भएको भनी जारी गरेको सिफारिस पत्र। स्नातक तह अन्तिम वर्षमा अध्ययनरत भएमा अध्ययनको अवधि कम्तिमा छ महिना रहेको भनी क्याम्पसले प्रमाणित गरेको पत्र।

(घ) निवेदकको सिफारिसपत्रः (२) उपदफा (१) को खण्ड (ग) बमोजिमको सिफारिसपत्र देहायबमोजिम हुनु पर्नेछ।

  (क) दलितका हकमा राष्ट्रिय दलित आयोगको सिफारिस।

  (ख) आदिवासी जनजातिको हकमा आदिवासी जनजाति आयोग तर यो आयोग गठन नभएसम्मको लागि आदिवासी जनजाति राष्ट्रिय उत्थान प्रतिष्ठानको सिफारिस।

  (ग) मधेशीको हकमा मधेसी आयोग तर सो गठन नभएसम्मका लागि स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट प्रमाणित भएको सिफारिस।

  (घ) मुस्लिमका हकमा राष्ट्रिय मुस्लिम आयोगको सिफारिस।

  (ङ) आपाङ्गको हकमा राष्ट्रिय समावेसी आयोगको सिफारिस सो आयोग गठन नभएसम्मका लागि नेपाल आपाङ्ग महासंघको सिफारिस।

  (च) पिछडिएको क्षेत्रको हकमा राष्ट्रिय समावेसी आयोगको सिफारिस, सो आयोग गठन नभएसम्मको लागि दफा (ञ) मा उल्लेख भएको जिल्लाबाट जारी भएको नागरिकताको प्रतिलिपिसहित प्रमुख जिल्ला अधिकारीबाट प्रमाणित भएको सिफारिस।

# नेपाल सरकार
## सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
# सूचना तथा प्रसारण विभाग

# स्नातक तहमा पत्रकारिता विषय अध्ययनरत विद्यार्थीहरूलाई छात्रवृत्तिका लागि आवेदन दिने सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८१/०६/३० गते)**

सूचना तथा प्रसारण विभागद्वारा आ.व. २०८१/८२ मा "पत्रकारिता विषय लिई स्नातक तहमा अध्ययनरत १४ (चौध) जना विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान" गरिने भएको हुँदा पत्रकारिता विषय लिई प्रवीणता प्रमाणपत्र तह वा १०+२ उत्तीर्ण गरी स्नातक तहमा अध्ययनरत विद्यार्थीहरूलाई यस सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र देहायको कागजातसहित "पत्रकारिता अध्ययनरत विद्यार्थीहरूलाई छात्रवृत्ति वितरण कार्यविधि, २०७४" (संशोधन) को अनुसूची (१) बमोजिमको ढाँचामा विभागमा निवेदन दिन आह्वान गरिन्छ।

१. निवेदनसाथ संलग्न गर्नुपर्ने कागजपत्रहरूः
   - १.१ नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
   - १.२ पत्रकारिता विषय लिई प्रवीणता प्रमाणपत्र तह वा १०+२ उत्तीर्ण गरेको लब्धाङ्कपत्रको प्रतिलिपि,
   - १.३ सम्बन्धित क्याम्पसले पत्रकारिता विषय लिई स्नातक तह अध्ययनरत रहेको भनी प्रमाणित गरेको सिफारिस-पत्र। (उक्त पत्रमा स्नातक तह कुन वर्षको विद्यार्थी हो सो खुलेको हुनुपर्नेछ। स्नातक तह अन्तिम वर्षमा अध्ययनरत भए अध्ययन अवधि कम्तीमा ६ (छ) महिना बाँकी रहेको भनी खुलेको हुनुपर्नेछ)
   - १.४ सिफारिस-पत्रः बुँदा नं. २ मा उल्लेखित (ग), (घ), (ड), (च), (छ) र (ज) समूहमा निवेदन दिने विद्यार्थीहरूले उक्त समूह प्रमाणित हुने कागजात/सिफारिस पत्र)।
   - १.५ पासपोर्ट साइजको फोटो।

२. निवेदन दिने विद्यार्थीहरूमध्ये देहाय बमोजिम १४ जना विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गरिनेछ।
(क) खुलाः ५ जना (ख) महिलाः ३ जना (ग) दलितः १ जना (घ) आदिवासी/जनजातिः १ जना
(ड) मधेशीः १ जना (च) मुस्लिमः १ जना (छ) अपाङ्गः १ जना (ज) पिछडिएको क्षेत्र १ जना

३. निवेदन Google forms मार्फत दिनु पर्नेछ। माथिको QR Scan गरी अथवा https://forms.gle/GEN9qXwmRriPZypz5 मार्फत फारम भर्न सकिनेछ।

४. पत्रकारिता अध्ययनरत विद्यार्थीहरूलाई छात्रवृत्ति वितरण कार्यविधि, २०७४ (संशोधन) अनुसुची (१) बमोजिमको निवेदनको ढाँचा तथा सूचनाको विस्तृत विवरण विभागको वेवसाइट www.doib.gov.np बाट प्राप्त गर्न सकिने छ।

५. थप जानकारी चाहिएमा विभागको फोन नं. ०१-५९११९८९१ मा सम्पर्क गरी प्राप्त गर्न सकिनेछ।